# सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ को व्यवस्था अनुसार

# राष्ट्रिय योजना आयोगको साशकीय सुधार तथा सुशासनसम्बन्धी प्रतिवेदन

**आर्थिक वर्ष २०७५/७६**

**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोग**
**सिंहदरबार, काठमाडौं**
**२०७६, साउन**

# विषय सूची

## परिच्छेद १

### प्रारम्भिक


१.१ पृष्ठभूमि १
१.२ राष्ट्रिय योजना आयोगको परिचय २
१.३ आयोगको गठन, काम, कर्तव्य र अधिकार ३
१.४ नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०७४ ५
१.५ आर्थिक कार्यविधि ऐन, २०५५को दफा ५ ५
१.६ आर्थिक कार्यविधि नियमावली, २०६४ ६
१.७ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ७
१.८ राष्ट्रिय योजना आयोगको विद्यमान संगठन संरचना तथा कार्यविवरण ७
१.९ केन्द्रीय तथ्याङ्क विभागको परिचय ७
१.१० केन्द्रीय तथ्याङ्क विभागको संगठन संरचना तथा काम कर्तब्य र अधिकार ८


## परिच्छेद २

### प्रमुख उपलब्धिहरु


२.१ राष्ट्रिय योजना आयोगको बैठक तथा निर्णयहरु १०
२.२ राष्ट्रिय विकास समस्या समाधान समिति ११
२.३ योजना तथा संगठनःसंस्थागत पक्षमा सुधार गर्नु पर्ने विषयमा भएका उपलब्धिहरु १२
२.४ दिगो विकास लक्ष्य सम्बन्धी भए गरेका उपलब्धिहरु १३
२.५ आयोगको अन्तर्राष्ट्रिय सम्बन्ध र सम्पर्क १४
२.६ राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन,२०७५ मा समावेश भएका मुख्य मुख्य विषयहरु १५
२.७ अनुगमन तथा मूल्यांकन १६
२.८ राष्ट्रिय योजना आयोगको अन्य उपलब्धिहरु १६
२.९ राष्ट्रिय योजना आयोग मातहत रहेको केन्द्रीय तथ्यांक विभाग अन्तर्गत भएका उपलब्धिहरु १७


## परिच्छेद ३

### कार्यक्षेत्र सम्बद्ध समस्याहरु, चुनौती तथा समाधानका उपायहरु


३.१ राष्ट्रिय योजना आयोगसंग सम्बन्धित समस्या तथा चुनौतिहरु १८
३.२ राष्ट्रिय योजना आयोग मातहतको केन्द्रीय तथ्यांक विभागसंग सम्बन्धित समस्या तथा चुनौतिहरु १९


## परिच्छेद ४

### कार्यक्षेत्रगत (Thematic Area) अध्ययन अनुसन्धानको विवरण


४.१ आ.व.२०७५/७६मा आयोगबाट भएका अध्ययन अनुसन्धानको विवरण २०


## परिच्छेद ५

### भावी कार्यदिशा


५.१ राष्ट्रिय योजना आयोगको भावी कार्यदिशा २१
५.२ केन्द्रीय तथ्यांक विभागको भावी कार्यदिशा २२
**अनुसूचीहरु (१-३)**

# परिच्छेद १

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

हामी नेपालको संबिधानको पुर्ण कार्यान्वयनको चरणमा छौं । यस चरणमा सुशासन, विकास र समृद्धिको महत्वपुर्ण जग वसाल्नु पर्ने छ ।नागरिकको समृद्धि तथा सुखी जीवनको सुनिश्चितता गर्नु आजको प्रमुख राष्ट्रिय आकांक्षा हो । मुलुकको विकास र समृद्धिको लागि विश्वव्यापी रुपमा स्वीकारिएको सुशासनको मूल मन्त्रलाई आत्मसात् गर्दै सेवा प्रवाहमा नागरिकको आवश्यकता र चाहना अनुरुप समय सापेक्ष सुधार गर्दै जानु आजको आवश्यकता हो। समग्र शासकीय प्रणालीमा सुधार र आधुनिक विकासको पूर्वाधार आम नागरिक समक्ष पुर्याउनु नै असल शासन व्यवस्था भएकोले सार्वजनिक प्रशासनलाई चुस्त, प्रतिस्पर्धी, मितव्ययी, पारदर्शी, सेवामुखी, परिणाममुखी तथा उत्तरदायी बनाउँदै लैजानु पर्दछ । सुशासन कायम गरी सेवा प्रवाहमा सरलता एवं सहजता ल्याउनु राज्यका सम्पूर्ण निकायको मुलभूत दायित्व हो ।

राष्ट्रको समग्र विकासको लागि दिर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा गर्ने, क्षेत्रगत नीति एवं रणनीतिहरु तयार गरी विकासका कार्यक्रमहरुलाई लक्षित दिशामा निर्देशित गर्न सघाउनुका साथै विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनमा सल्लाह दिने केन्द्रीय निकायको रुपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ । अध्ययन, अनुसन्धान तथा अन्वेषण जस्ता सृजनात्मक र ज्ञानमा आधारित कार्य गर्ने गराउने, दिगो विकास लक्ष्यको सूचक निर्धारण तथा अनुगमन कार्य, सहकार्यमा संघीयताको सुदृढीकरण गर्ने, संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने, मूलुकको योजनावद्ध विकासलाई थप स्पष्ट र तथ्यपरक बनाउन आयोजना बैंकको निर्माण, राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना र कार्यक्रम सम्बन्धमा अन्तराष्ट्रियस्तरको शोध तथा अनुसन्धान एवं नीति संवाद र लगानी मञ्चको विकास सञ्चालनको अवधारणालाई क्रमश: कार्यान्वियन गर्ने गरी सुदृढ आधार तयार गरिएको छ ।

आयोगले समग्र विकासको निमित्त स्रोत साधनको व्यवस्था तथा विनियोजन गर्ने कार्यका साथै विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन, विकास योजनाका विषयहरूमा विचार आदानप्रदान तथा छलफल र अन्तरक्रियाका लागि एउटा विषय विज्ञको संस्थाको भूमिका निर्वाह गरी आएको छ।साथै, यसले विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि अन्तर्निकाय सहजीकरण र समन्वय गर्दछ। नागरिक समाज, गैर सरकारी संस्थाहरू र निजीक्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधान गर्ने कार्यमा योजनाको केन्द्रीय निकायको रुपमा समेत कार्य गर्नुपर्ने भएकोले मूलतः आठौं योजनाको सुरुवातदेखि नै शासकीय सुधारका लागि सुशासनको विधिलाई अवलम्बन गर्दै आएको छ। हाल कार्यान्वयनमा रहेको दिर्घकालिन सोंच सहितको पन्ध्रौं योजनाको आधारपत्र (२०७६/७७-२०८०/८१) ले समेत सुशासनलाई क्षेत्रगत योजना मध्येको एक महत्वपूर्ण क्षेत्रको रुपमा समावेश गरेको छ ।

वर्तमान परिवर्तित सन्दर्भमा विकासका आयामहरु, क्षेत्रहरु र दायराहरु समेत फराकिलो बन्दै गएकोले, श्रोत साधनको समुचित बाँडफाड तथा उपयोग गरी आधुनिक मापदण्ड अनुसार नागरिकको गुणस्तरीय जीवन प्रवर्द्धन गर्ने दिशामा योजनाहरु मुखरित बन्नु पर्नेछ।विकास प्रक्रियामा समेत संघीय प्रणालीलाई आत्मसाथ गर्दै केन्द्रीयस्तरबाट समेत राष्ट्रिय महत्व राख्ने ठूला परियोजनाको सञ्चालन गरी तीव्र आर्थिक विकासलाई द्रुतगतिमा अगाडि बढाई "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय

आकांक्षा प्राप्तिमा भरपर्दो आधार तयार गर्नु आवश्यक छ।त्यस्ता कार्यलाई आवश्यक पर्ने श्रोतका लागि श्रोत पहिचान तथा विकास साझेदार निकायसँग समन्वय गरी नागरिक सहभागिताको माध्यमबाट विकास प्रक्रिया अवलम्बन गर्न सोच, कार्य शैली तथा व्यवहारमा समेत परिवर्तन गर्न सकेमा सुशासन कायम हुने अपेक्षा गर्न सकिन्छ।यस कार्यका लागि आयोगका साथै सबै निकायको कार्य प्रणालीलाई समन्वित र व्यवस्थित वनाउन जरुरी छ ।

मुलुकको वहुपक्षीय विकासका लागि आयोगले आफ्नो कार्य प्रणालीलाई सुशासन मैत्री बनाउँदै लगेको छ। विकास व्यवस्थापन र विकास ढाँचाका बहुक्षेत्रीय आयामका नीति, कार्यक्रम, विधि र प्रणालीको रणनीतिक हस्तक्षेप र समन्वयको कार्यक्षेत्रको प्रभावकारी एवं सुदृढ कार्यान्वयनबाट विकासका लक्ष प्राप्ति गर्ने र आयोगमा शसासन कायम गर्नु पर्ने कार्यको थालनी भएको छ ।

संघीय व्यवस्थामा मुलुक प्रवेश गरेसँगै संघ, प्रदेश र स्थानीय तहका विकास प्रयासहरुलाई राष्ट्रको समग्र विकाससँग आवद्ध गरी लैजान दूरगामी सोचपत्रको तर्जुमा, कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत जटिलताहरुको सरलीकरण, मध्यमकालिन खर्च संरचनाको सुदृढीकरण, संघीयता तथा विकेन्द्रीकरण, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन तथा दिगो विकासलक्ष्यको सूचक व्यवस्थापन तथा अनुगमन पद्धतिको विकास र सूचना तथा तथ्याङ्क प्रणालीलाई बैज्ञानिक तथा भरपर्दो र पहुँच योग्य बानाउने कार्यको शुरूवात भएको छ । साथै अन्तराष्ट्रियस्तरको मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास गर्ने गराउने कार्यलाई प्राथमिकताका साथ आयोगले अगाडि बढाउँदै लगेको छ ।

### १.२ राष्ट्रिय योजना आयोगको परिचय

नेपाललाई विकासको हरेक पक्षहरुमा गति प्रदान गर्न विकास प्रक्रियालाई एकीकृत र योनजावद्ध रुपमा लैजाने अवधरणा सहित सर्वप्रथम बि.सं. २०१३ सालमा तत्कालिन प्रधानमन्त्री स्व. टंक प्रसाद आचार्यको अध्यक्षतामा केन्द्रीयस्तरमा योजना आयोगको गठन भएको थियो ।त्यही सालबाट योजनावद्ध विकास प्रयासको थालनी गरी पहिलो योजना (२०१३– २०१७) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको थियो, जसले योजनाको आधारशिला तयार गर्न सहयोग पु¥यायो । राष्ट्रिय योजना आयोगलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ जारी गरियो र त्यही वर्ष योजना मण्डल स्थापना भएको थियो।योजना मण्डललाई योजना तर्जुमा गर्ने जिम्मेवारी वाहेक विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो।वि.सं.२०१७ मा बहुदलीय व्यवस्था अन्त्य भएसँगै तत्कालीन राजा महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषद -National Planning Council_ को स्थापना भएको थियो । यस परिषद्को निर्णयलाई मन्त्रिपरिषद्को निर्णय सरहको मान्यता दिई यस परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि सबैभन्दा अधिकार प्राप्त निकायको रूपमा स्थापीत गरीएको थियो । यस परिषद्लाई सहयोग पु¥याउन एउटा छुट्टै सचिवालयको स्थापना भएको थियो।तर, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात् सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायतासम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइयो । वि.सं. २०२० मा राष्ट्रिय विकास परिषद् विघटन भयो र केन्द्रीय रूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने गरी उस्तै नाम दिई गठन गरियो ।मन्त्रिपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुने गरी आर्थिक विकास (Economic affairs) मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो ।

वि.सं.२०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू गर्ने गरी आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयमा सरियो । मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोगद्वारा प्रतिस्थापन गरी यसलाई सघाऊ पु¥याउन छुट्टै सचिवालय स्थापना गरियो । वि.सं. २०२९ मा तयार

गरिएको अध्ययन प्रतिवेदनले प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माणसम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी यसलाई पुनर्गठन गरियो। वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरुपमा सामान्य परिवर्तन गरियो।वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको पाइन्छ। पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको पाँच जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था गरियो । यसमा मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा रहने व्यबस्था गरियो ।संघीयताको सन्दर्भमा समेत समयानुकुल हुने गरी नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय योजना आयोगको (गठन तथा कार्यसंचालन) आदेश, २०७४ अनुरुप हाल राष्ट्रिय योजना आयोगको पुनर्गठन भएको छ । विगतको सचिवालयलाई हटाइ आयोग भित्र सचिवालयको काम पनि समेटिएको छ । कार्यक्षेत्रमा छरितोपना ल्याई कार्य विशिष्टीकरणमा जोड दिइएको छ ।

नेपालको योजनावद्ध विकास छ दशक पुगिसकेको छ भने हालसम्म १४ वटा आवधिक योजनाहरु कार्यान्वयनमा आईसकेको र हाल १५ औं योजना कार्यान्वयनको अवस्थामा छ । आवधिक योजना तथा बार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने मुख्य कार्यक्षेत्र रहेको यस आयोगको गठन प्रकृया तथा कार्यहरुबारे अध्ययन गर्दा यसको नेतृत्व गर्ने पदाधिकारी, सदस्यहरुको संख्या तथा संगठन स्वरुपमा समय समयमा फेरबदल भईरहेको पाइन्छ।यद्यपि विशिष्टिकृत कार्य गर्ने निकायको रुपमा यस आयोगलाई स्थापित गर्न संगठनात्मक एवं कानुनी लगायतका अझै निकै सुधार गर्नु पर्ने टड्कारो खाँचो देखिन्छ ।

### १.३ आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ बमोजिम आयोगको गठन विधि काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन :

#### १.३.१ आयोगको गठन

नेपालमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोंच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन, मूल्याङ्कन र अनुशिक्षण गर्नका लागि नेपाल सरकारको विशिष्टीकृत निकायका रुपमा काम गर्न देहाय बमोजिमको एक राष्ट्रिय योजना आयोग गठन गरिएको छ ।

| | | |
|---|---|---|
| क) | प्रधानमन्त्री | -अध्यक्ष |
| ख) | नेपाल सरकारबाट नियुक्त एक जना | -उपाध्यक्ष |
| ग) | नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा छजना | –सदस्य |
| घ) | मुख्य सचिव, नेपाल सरकार | -सदस्य |
| ङ) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| च) | सचिव, राष्ट्रिय योजना आयोग | -सदस्य-सचिव |

खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहाय बमोजिम प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था छ।

क) आर्थिक विकास,

ख) सामाजिक विकास,

ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा

घ) प्राकृतिक स्रोत व्यवस्थापन

खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्य आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्दछन्।

**१.३.२ आयोगको बैठकः**

(१) आयोगको अध्यक्ष र उपाध्यक्षले अध्यक्षता गर्ने गरी आयोगको बैठकका प्रकृति दुई किसिमका रहेका छन्। आयोगका अध्यक्षले अध्यक्षता गर्ने बैठक बर्षको कम्तीमा दुई पटक बस्ने व्यवस्था छ भने उपाध्यक्षले अध्यक्षता गर्ने आयोगको नियमित बैठक साप्ताहिक रुपमा बस्ने व्यवस्था छ।

**१.३.३ आयोगको काम, कर्तव्य र अधिकार** M

राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश,२०७४ मा प्रचलित कानून बमोजिमका काम, कर्तव्य, अधिकारमा आयोगको कार्यक्षेत्र मूलतः देहाय बमोजिमका चारवटा उल्लेख गरिएका छन्:

(क) दीघर्कालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,
(ख) अनगुमन तथा मूल्याङ्कन,
(ग) योजना प्रकृया सम्बन्धमा तहगत समन्वय,
(घ) अध्ययन, अनसुन्धान तथा अन्वेषण।

माथि उल्लिखित आयोगको कार्यक्षेत्र अन्तर्गतका शीर्षकहरुमा उल्लेख गरिएका कार्यहरु निम्न अनुसार रहेका छन्।

**(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय तथा सहजीकरणः**

(१) मुलुकको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,
(२) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,
(३) सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा केन्द्रीय स्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरुको लेखाजोखा, पूर्ब मूल्यांकन तथा परिक्षण समेत गरी स्वीकृति दिने,
(४) वित्तीय तथा मौद्रिक नीतिको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैंकलाई आवश्यकता अनुसार निर्देशन दिने,
(५) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने गराउने,

(६) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्ने।

(७) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजिकरण गर्ने,

(८) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने गराउने,

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

(१०) अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्यांक प्रणालीको विकास र संप्रेषण गर्ने गराउने,

(११) विकासका लागि अबलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

**(ख) अनुगमन, मूल्यांकन तथा अनुशिक्षणः**

(१२) मुलुकको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,

(१३) मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरु र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्यांकन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गर्ने, गराउने,

(१४) अनुगमन, मूल्यांकन तथा अनुशिक्षणको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्यांकनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**(ग) सहकार्यात्मक संघीयताको सुदृढीकरण :**

(१५) सहकार्यात्मक संघीयताको सुदृढीकरण तथा संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग, सहजीकरण र योजना, अनुगमन तथा मूल्यांकनसम्बन्धी क्षमता विकास गर्ने।

**(घ) अध्ययन अनुसन्धानः**

(१६) कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(१७) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने।

**१.४ नेपाल सरकार (कार्य–विभाजन) नियमावली, २०७४** को नियम ५ को उपनियम (१) को अनुसूची २ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य विभाजन अन्तर्गत वुदा नं.२६ मा राष्ट्रिय योजना आयोग उल्लेख छ।

**१.५ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५** मा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थावाट अनुदान र ऋणस्वरुप नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायता लिनु अघि त्यस्तो सहायता योजना तथा वार्षिक कार्यक्रमले निर्धारण

गरेको प्राथमिकता, नीति तथा कार्यक्रम अनुरुप छ÷छैन सो सम्वन्धमा सामान्यतयाः राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृती लिने र सो को विवरण तयार पारी अर्थ मन्त्रालयमा पेश गर्ने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था रहेको छ।

**१.६ आर्थिक कार्यविधि नियमावली, २०६४** मा राष्ट्रिय योजना आयोगले गर्ने कामको सम्वन्धमा देहायका व्यवस्था गरिएको छ :

**क) आयोजना स्वीकृत गर्ने गराउनेः** विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ। जिल्लास्तरीय आयोजना राष्ट्रिय योजना आयोगको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र केन्द्रीयस्तरीय आयोजना राष्ट्रिय योजना आयोगले स्वीकृत गर्नु पर्नेछ। यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वाषिक बजेट तर्जुमा गर्नुपर्नेछ।

**ख) कार्यक्रम स्वीकृत गर्नेः** कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेटअन्तर्गत नियम २२ को उपनियम (१) को अधीनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नु पर्नेछ।यसरी स्वीकृत भएको कार्यक्रम केन्द्रीयस्तरको भएमा मन्त्रालयले सोको जानकारी राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ।

२) उपनियम (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

३) सम्बन्धित मन्त्रालयले उपनियम (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ। साथै सम्बन्धित मन्त्रालयले खर्च गर्ने अख्तियारीको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

**ग) कार्यक्रम संशोधन गर्नेः** कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुनेगरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी सम्बन्धित मन्त्रालय र कार्यालयले राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ।

**घ) वैदेशिक सहायता बजेट विवरणमा समावेश गर्नेः**

कुनैपनि कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रहरुबाट कुनैपनि किसिमको नगदी वा जिन्सी सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

**ङ) अर्थ मन्त्रालयले बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिनेः** उपनियम (१) बमोजिम बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिंदा नियम २० बमोजिम तयार गरी पेश हुन आएको बजेट विवरण माथि अर्थ मन्त्रालयले मुलुकको आर्थिक स्थिति विचार गरी सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग परामर्श गरी थप–घट गर्न सक्नेछ।

**१.७ अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने ।

दफा २२ अनुसार राजश्व र व्यायको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ, जस अनुसार राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचना तयार गर्दछ ।

**१.८ राष्ट्रिय योजना आयोगको विद्यमान संगठन संरचना तथा कार्य विवरणः**

आयोगलाई आवश्यक पर्ने कर्मचारी विद्यमान स्वीकृत संगठन संरचना र दरबन्दी अनुरुप नेपाल सरकारले उपलब्ध गराउने व्यबस्था छ, आयोगको स्वीकृत कुल दरबन्दी १०५ रहेको छ ।

आयोगको स्वीकृत  संगठन तालिका, संरचना र दरबन्दी क्रमश : अनुसूची-१, २ र ३ मा उल्लेख गरिएको छ ।

प्रमुख कार्यकारी निकायको रुपमा रहेको यस आयोगले राष्ट्रिय विकास परिषद् र राष्ट्रिय योजना आयोगको कार्य गर्ने क्रममा देहायका कार्यहरु गर्दछ ।

१. राष्ट्रिय बिकास परिषदको बैठकको व्यवस्था गर्ने, परिषद्बाट स्वीकृति लिनुपर्ने प्रस्तावहरु तयार गर्ने र परिषद्को सचिवालयको काम गर्ने ।
२. नेपाल सरकारबाट गठन हुने विभिन्न परिषद्हरुको कार्यकारी भूमिका निभाउने गरी सचिवालयको रुपमा काम गर्ने ।
३. राष्ट्रिय योजना आयोगबाट लिईएको निर्णयहरुको प्रमुख कार्यकारी निकायको रुपमा काम गर्ने ।

**१.९ केन्द्रीय तथ्यांक विभागको परिचय**

नेपालमा तथ्याङ्क प्रणालीको औपचारिक आरम्भ विक्रम सम्वत् १९६८ सालमा सम्पन्न पहिलो जनगणनाबाट भएको मानिन्छ। विक्रम सम्वत् २००८ मा जनगणना ऐन तर्जुमा हुनु अघि तथ्याङ्कीय निकायको रुपमा जनसंख्या गोश्वारा र औद्योगिक व्यापारिक समाचार संग्रह अड्डा नामक दुईवटा कार्यालयहरु अस्तित्वमा थिए।सोही वर्ष उल्लिखित दुवै निकायहरुलाई गाभेर सङ्ख्या विभागको स्थापना गरियो । यस विभागले सञ्चालन गरेको सम्वत् २००९—११ को पाँचौं राष्ट्रिय जनगणनालाई संयुक्त राष्ट्रसंघको सिफारिस अनुसार सम्पन्न गरिएको नेपालको बृहत्तर जनसांख्यिक सूचक उपलब्ध गराउने तथ्याङ्कीय क्रियाकलापका रूपमा ग्रहण गरिएको छ।समग्र तथ्याङ्कीय क्रियाकलापलाई कानुनी मान्यता दिने उद्देश्यले सम्वत् २०१५ मा  पहिलो पटक तथ्याङ्क ऐन जारी गरियो जुन अद्यापि कार्यान्वयनमा रहेको छ । यस कानुनको आधारमा सम्वत् २०१५ पौष १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भई हालसम्म नेपालको आधिकारिक तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्ने केन्द्रीय निकायको रुपमा क्रियाशील छ ।

केन्द्रीय तथ्याङ्क विभागले सम्वत् २०१८ सालमा देशको पहिलो कृषिगणना र सम्वत् २०२२ सालमा  पहिलो औद्योगिक गणना सम्पन्न गर्‍यो । नेपालमा राष्ट्रिय लेखाको तयारी र सम्वन्धित सूचकको अनुमान तयार गर्ने काम सम्वत् २०१८÷१९ सालदेखि प्रारम्भ गरियो र कुल गार्हस्थ्य उत्पादन, उपभोग र लगानीका अनुमान सम्बन्धी कार्य सम्वत् २०२१÷२२ सालदेखि अविच्छिन्न रूपमा भइ आएको छ । केन्द्रीय तथ्याङ्क विभागबाट अन्य केही आधार सर्वेक्षणहरु सम्वत् २०४७ सालपछि सुरुवात गरियो । नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचकाङ्क सर्वेक्षण, आदि आवधिक सर्वेक्षण निश्चित समय अन्तरालमा सञ्चालन भइरहेका छन् यस अवधिसम्म आइपुग्दा नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

(रा.त.प्र.) एकनासले क्रियाशील रहेको भएतापनि तथ्याङ्क प्रणालीमा कतिपय विषयक्षेत्रगत तथ्याङ्कको अभाव, तथ्याङ्कीय क्रियाकलापमा दोहोरोपना, तथ्याङ्कबीचको बिसंगती, आदि जस्ता कमजोरी विद्यमान रहेकोले राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सुधार गर्ने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभागले सन् २००१ मा समष्टिगत राष्ट्रिय तथ्याङ्क योजना तयार गर्‍यो, जसले तथ्याङ्क प्रणालीभित्र आंशिक सुधार त ल्याउन सक्यो तर केन्द्रीय तथ्याङ्क विभाग र अन्य सरोकार निकायको स्तरोन्नति गर्ने, तथ्याङ्क ऐन २०१५ को संशोधन गर्ने र नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीभित्र प्रभावकारी समन्वय संयन्त्र स्थापित गर्ने लगायतका महत्वपूर्ण सिफारिसलाई कार्यान्वयनमा लैजान भने कामयावी हुन सकेन।

नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीले मूलतः (क) केन्द्रीय तथा स्थानीय तहमा तथ्यमा आधारित नीति तथा निर्णय निर्माणको लागि नीति निर्माताको प्राथमिकतालाई र (ख) विकाससम्वद्ध राष्ट्रिय÷अन्तर्राष्ट्रिय प्राथमिकताका क्षेत्र जस्तै गरिबी निवारण, जलवायु परिवर्तन,दीगो विकासका लक्ष्यको अनुगमन र एशियाली सन्दर्भमा सार्क विकास लक्ष्यका निम्ति माग गरिएका तथ्याङ्कलाई विश्वसनीयरुपमा समयमै उपलब्ध गराउने कार्यमा आपूmलाई केन्द्रित गर्नुपर्ने देखिएको छ।

धेरै देशहरुले बिग डाटा(Big Data)लाई राष्ट्रिय तथ्याङ्क प्रणालीभित्र एकीकृत गर्दै लगेका छन् बिग डाटाले तथ्याङ्कको अधिकतम आन्तरिक माग सम्बोधन गर्न सूचकहरुको विविधतापूर्ण, विस्तृत, गुणस्तरयुक्त र शीघ्र उपलब्ध हुन सक्ने कुरालाई सुनिश्चित गर्दछ।अर्कोतिर खुला तथ्याङ्क(Open Data)को गतिशीलताले तथ्याङ्क प्रयोगकर्ताको निम्ति सम्भव भएसम्म निःशुल्क तथा सहज रुपमा तथ्याङ्क÷सूचक उपलब्ध गराउने प्रयासलाई थप टेवा पुर्‍याएको छ।

नेपालका आवधिक योजनाले तथ्याङ्क प्रणालीको विकासलाई शुरुदेखि नै आत्मसात गर्दै आएका छन्।तेह्रौँ योजनाको आधारपत्र (२०७०÷७१–२०७२÷७३) मा राष्ट्रिय योजना आयोगले तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति तर्जुमा गर्ने संकल्प गरेको थियो।मुलुक संघीय संरचनामा रहेकाले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीको पनि पुनः संरचना हुन आवश्यक देखिन्छ।

संविधानतः निर्देशित विषयको तथ्याङ्क संकलन, सम्पादन, विश्लेषण,प्रतिवेदन तयारी र प्रचार प्रसारमा संघीय, प्रदेश र स्थानीय तहहरुको अधिकार र उत्तरदायित्वको बाँडफाँट समेत गर्नु पर्ने देखिन्छ यसका निम्ति सांगठनिक र संस्थागतसहित विद्यमान तथ्याङ्क प्रणालीको पुनः संरचना हुन जरुरी हुन्छ।

### १.१० केन्द्रीय तथ्याङ्क विभागको संगठन संरचना तथा काम कर्तब्य र अधिकार

तथ्यांक सम्बन्धी प्रचलित कानुन एवं राष्ट्रिय योजना आयोगको (गठन तथा कार्य सचालन) आदेश, २०७४ एवं आयोगको प्रत्यक्ष निर्देशनमा रही केन्द्रीय तथ्यांक विभागले निम्नानुसारको कार्य सम्पादन गर्दै आएको छ:

- पाल सरकारलाई योजना तथा नीति निर्माण गर्न आवश्यक तथ्यांक उपलब्ध गराउने।
- तथ्यांकीय जनशक्तिको विकास गरी सामाजिक तथा आर्थिक क्षेत्रसंग सम्बन्धित तथ्यांक संकलन, प्रशोधन र विश्लेषण गर्ने।
- भरपर्दो तथ्यांक संकलन प्रणालीको विकास गर्न स्तरीय परिभाषा एवं वैज्ञानिक विधिहरु विकास गर्ने।
- तथ्यांक संकलन गर्ने विभिन्न निकायहरुवीच समन्वय गर्ने र दोहोरोपना हटाउनको लागि एकिकृत तथ्यांक प्रणालीको विकास गर्ने।
- नेपाल सरकारको आवश्यकता बमोजिम विभिन्न क्षेत्रको अध्ययन अनुसन्धान गरी तथ्यांक उत्पादन गर्ने।

- जनसंख्या, कृषि, उद्योग, व्यापार, यातायात र आवश्यक अन्य सबै किसिमका राष्ट्रिय गणनाहरु गर्ने प्रबन्ध मिलाउने र तिनको संचालन गर्ने ।
- तथ्यांकीय सुचना तथा अभिलेखहरुको संरक्षण गर्ने ।
- तथ्यांक संकलन, प्रशोधन र विश्लेषण विधिलाइ अझ बढी बैज्ञानिक, भरपर्दो र उपयोगी बनाउनको लागि नयाँ प्रबिधिको विकास गर्न अनुसन्धान गर्ने ।
- तथ्यांकीय क्षेत्रका राष्ट्रिय तथा अनतर्राष्ट्रिय स्तरका तालिम, सेमिनार तथा कार्यशाला गोष्ठीहरु संचालन गर्ने ।
- विभिन्न तथ्यांकीय क्रियाकलापहरुलाई नियन्त्रण र समन्वय गर्न सल्लाहकारी भुमिका निर्बाह गर्ने ।

केन्द्रीय तथ्यांक विभागको स्वीकृत दरबन्दी १४८ र ३३ वटा तथ्यांक कार्यालयको स्वीकृत दरबन्दी ३८४ गरी जम्मा ५३२ कुल स्वीकृत दरबन्दी रहेको छ ।

# परिच्छेद २

# प्रमुख उपलब्धिहरु

राष्ट्रिय योजना आयोगले कार्य सम्पादनको सिलसिलामा लिएका निर्णयहरुको कार्यान्वयन तथा आयोगको आ.व २०७५/७६ को वार्षिक कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु यस परिच्छेदमा संक्षेपमा उल्लेख गरिएको छ।

## २.१ राष्ट्रिय योजना आयोगको बैठक तथा निर्णयहरु

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षको अध्यक्षतामा आवश्यकतानुसार आयोगको पूर्ण बैठक बस्ने गरेको छ। गत आ.व. मा आयोगको पूर्ण बैठक ३ (तीन) पटक बसेको थियो।

मिति २०७५।०८।२१ मा बसेको पूर्ण बैठकले नेपालको दिर्घकालीन सोच (वि.स.२१००) र पन्ध्रौं योजना (आ.व.२०७६/७७-२०८०/८१) ले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रीय आकांक्षा हासिल गर्ने एवं दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीतिलाई परिमार्जन सहित स्वीकृत गर्ने र सो दस्तावेजलाई नेपालको दिर्घकालीन सोच, पन्ध्रौयोजना, मध्यमकालीन खर्च संरचना र आ.व. २०७६/७७ को बजेट तथा कार्यक्रम तर्जुमामा क्रमस: आन्तरिकीकरण गर्दै जाने साथै राष्ट्रिय तथ्यगत विवरणलाई खुला तथ्याङ्क प्रणालीका रुपमा विकास गरी योजना, वजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा उपयोग गर्ने निर्णय भएको थियो।

मिति २०७६।०१।१५ मा बसेको आयोगको पुर्ण बैठकले १५औ योजनाको आधारपत्र नेपाल सरकारको स्वीकृतिको लागी मन्त्रीपरिषदमा प्रस्ताव पेश गर्ने तथा राष्ट्रिय तथ्यगत विवरण सम्बन्धी अनलाईन पोर्टल मार्फत संघ, प्रदेश र स्थानीय तहका सूचना तथा तथ्याङ्कमा सबैको पहुँच हुने गरी खुला तथ्याङ्क प्रणालीको रूपमा केन्द्रीय तथ्याङ्क बिभागले संचालन तथा ब्यवस्थापन गर्ने गरी २ वटा निर्णय भएका थिए।

मिति २०७६।०२।१५ मा बसेको आयोगको पुर्ण बैठकले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ को उपदफा (१) बमोजिम नेपाल सरकारले राजश्व र व्ययको अनुमानसाथ सोही ऐनको दफा १७ मा भएको व्ववस्था अनुसार संसदमा प्रस्तुत गर्नु पर्ने मध्यमकालिन खर्च संरचना(आ.व. २०७६/७७-२०७८/७९) र आ.व.२०७६/७७ को बार्षिक विकास कार्यक्रम आयोगले तयार गरी पेश भएकोमा स्वीकृत गर्ने र मध्यमकालिन खर्च संरचनाको हकमा अर्थ मन्त्रालयमा पठाउने निर्णय भएको थियो।

यसका अतिरिक्त सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षबाट प्रत्यायोजित अधिकारका आधारमा आयोगका उपाध्यक्षको अध्यक्षतामा साप्ताहिक रुपमा र आवश्यकता अनुसार आयोगको नियमित बैठक बस्ने गरेको छ। यी सबै बैठकहरुले गरेका निर्णयहरु नागरिकहरुको सूचनाको हक तथा सुसूचित हुन पाउने अधिकारको प्रत्याभूति हुने गरी नियमित रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय संसद सचिवालयमा पठाउने गरिएको छ।साथै, पारदर्शिता एवं सुशासन कायम गर्ने उद्देश्यसहित आयोगले गरेका निर्णयहरु आयोगको वेवसाइटमा राख्ने व्यवस्था गरिएको छ। आ.व.

२०७५/७६ मा आयोगको ३३ वटा बैठकहरु भएका थिए।यस अवधिमा आयोगले गरेका निर्णयहरु आयोगको वेबसाईटमा राखिएका छन् ।

## २.२ राष्ट्रिय विकास समस्या समाधान समिति

(१) राष्ट्रिय अनुगमन तथा मुल्यांकन दिग्दर्शन, २०७५ मा भएको व्यवस्था अनुसार विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा देहायका सदस्यहरु रहने गरी एक समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | अध्यक्ष |
| (ख) | नेपाल सरकारका मन्त्रीहरू | सदस्य |
| (ग) | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| (घ) | प्रदेशका मुख्य मन्त्रीहरु | सदस्य |
| (ङ) | मुख्यसचिव | सदस्य |
| (च) | राष्ट्रिय योजना आयोगका सदस्यहरू | सदस्य |
| (छ) | राष्ट्रिय योजना आयोगको सचिव | सदस्य-सचिव |

(२) समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक बस्नेगरी एक वर्षमा कम्तीमा तीन पटक बस्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठकमा प्रस्तुत गर्नुपर्ने विषयबस्तु उपर सम्बन्धित मन्त्रालय तथा निकायका सचिव तथा प्रतिनिधिहरु संलग्न गराई विस्तृत समीक्षा गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा उपसमिति रहनेछ ।

(५) यस समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) नेपाल सरकारका मन्त्रालयहरु अन्तर्गत सञ्चालित कार्यक्रम वा आयोजना कार्यान्वयन प्रगतिको समीक्षा गर्ने,

ख) मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने,

ग) कार्यक्रम वा आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर–मन्त्रालयगत, नीतिगत एवम् कानूनी विषयमा देखिएका समस्याको समाधान गर्ने,

घ) प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकी पेश हुन आएका वा अन्तरप्रदेश प्रकृतिका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने वा निर्देशन दिने,

ङ) कार्यक्रम वा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याको अध्ययन तथा मूल्याङ्कन गर्ने, गराउने,

च) संघ, प्रदेश र स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कनकार्यको समन्वय गर्ने र सोसम्बन्धी आवश्यक निर्देशन दिने,

छ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

उल्लिखित कार्यका लागि राष्ट्रिय विकास समस्या समाधान समितिका बैठकहरु प्रत्येक चौमासिक अवधि अन्त्य भएको पहिलो महिनाको अन्तिम हप्ताको उपयुक्त मितिमा बस्ने गरेको छ । यस आ.ब. मा निर्दिष्ट गरेको समयभित्रै रा.वि.स.स.स. तथा

उपसमितिका बैठकहरु सम्पन्न भएका छन् । साथै समितिका बैठकका निर्णयहरुको कार्यान्वयनको अनुगमन तथा प्रगति प्रतिवेदनहरु नियमितरुपमा तयार गरी पृष्ठपोषणका लागि पेश गरिएको छ ।

गत आ.व.को राष्ट्रिय विकास समस्या समाधान समितिको ४३औं बैठक मिति २०७५ भाद्र २६ मा बसेको थियो । बिद्युत, टेलिफोन, खानेपानी, ढल निकास हेर्ने सार्बजनिक निकायहरुले निर्माण गर्दा गराउँदा आ-आफनो योजना अनुसार निर्माण गर्नाले काममा दोहोरो तेहोरोपना देखिनुका साथै अनावशयक खर्च समेत अनाहकमा राज्यले ब्यहोर्नु परेको हुँदा आयोगको समन्वयमा सहरी बिकास मन्त्रालयको नेतृत्वमा बिषयगत मन्त्रालयहरुले एकिकृत सेवा ऐन (Integrated Utility Corridor Act) तर्जुमा गर्ने र बिकास आयोजनाहरु तोकिएको समय, लागत, र गुणस्तरमा सम्पन्न हुन नसकी प्रतिफल समेत सन्तोषजनक नभएको सन्दर्भमा आयोगको कार्यादेश बमोजिम राष्ट्रिय आयोजना बैंक निर्माण गर्ने प्रयोजनको लागि बिषयगत मन्त्रालय तथा निकायहरुले सो सम्बन्धी विवरण उपलब्ध गराउने गरी यस बैठकबाट निर्णय भएको थियो ।

त्यस्तै, समितिको ४४औं बैठक मिति २०७५ माघ २ मा बसेको थियो । उक्त बैठकले बहुबर्षीय ठेक्का लागेका कार्यक्रमहरुको सिर्जित दायित्वको एकमुष्ट यकिन तथ्यांक तयार गरी बिषयगत मन्त्रालयहरुले यस आयोग र अर्थ मन्त्रालयलाई उपलब्ध गराउने निर्णय गरेकोमा अधिकांश मन्त्रालयले उपलब्ध गराईसकेको अबस्था छ ।

गत आ.व. को अन्तिम तथा रा.वि.स.स.स.को ४५औं बैठक मिति २०७६ असार ४ मा सम्पन्न भएको थियो । उक्त बैठकले सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्क्रमहरु विभिन्न निकायहरुबाट कार्यान्वयन हुदाँ दोहोरोपना देखिएकोले साधन स्रोतको उपर्युक्त एवं औचित्यपुर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकिकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय हुनुका साथै संघ, प्रदेश र स्थानीय तहको विकास नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन, तहगत समन्वय तथा प्रतिबेदनको लागि राष्ट्रिय ढाँचा तयार गर्न यस आयोगका सदस्यको संयोजकत्वमा समिति गठन भएकोमा सो समिति अन्तर्गत कार्यदल गठन गरी कामको थालनी गर्ने कार्य शुरू भईसकेको छ ।

उल्लिखित राविससका बैठकका निर्णयहरु आयोगको वेबसाईटमा राखिएका छन् ।

त्यसैगरी मन्त्रालयस्तरवाट समाधान हुन नसकी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुनुपर्ने देखिएका समस्याहरूको बारेमा छलफल र विश्लेषण गरी समाधानका लागि उपयुक्त सुझाब तयार गर्ने र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यलाई समन्वय गरी व्यवस्थित गर्न र आवश्यक मार्गदर्शनका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति रहने व्यवस्था छ । उक्त समितिको बैठक चार महिनामा एक पटक राविससको बैठक बस्नुपूर्व बस्दछ । गत आ.ब. मा यस उपसमितिका बैठकहरु समयभित्रै सम्पन्न भएका छन् ।

### २.३ योजना तथा संगठन: संस्थागत पक्षमा सुधार गर्नु पर्ने विषयमा भएका उपलब्धिहरु

मुलुकको समग्र विकासका लागि दिर्घकालीन सोच सहितको योजना तथा क्षेत्रगत नीतिहरु तर्जुमा गरी संचालित आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा सल्लाह दिने केन्द्रीय निकायको रुपमा यस आयोगको महत्वपूर्ण भूमिका रहँदै आएको छ। गत आ.व. मा आयोगबाट सञ्चालित क्रियाकलापहरु र यसले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा आयोग आफैले समीक्षा गरी यसको संस्थागत पक्षमा सुधार गर्नुपर्ने विषयहरुमा भएका उपलब्धिहरु यस अनुच्छेदमा उल्लेख गरिएका छन् :

- सन् २०२२ मा नेपाललाई अल्पविकसित देशबाट विकसित देशमा स्तरोन्नति गर्ने ।

- सन् २०३० अगावै दिगो विकासको लक्ष्य हासिल गर्ने ।
- सन् २०३० सम्ममा नेपाललाई मध्यम आय मुलुकका रुपमा पुर्याउने गरी नेपालको समग्र विकास प्रयासलाई समन्वयात्मक रुपमा अघि बढाउन एवं तीव्र आर्थिक बृद्धि हासिल गर्नेगरी नेपाल दूरदृष्टि: २०३० विषयक दस्तावेज तयार गर्ने र सो बमोजिमको कार्ययोजना बनाई कार्यान्वयनमा लैजान आवश्यक कार्य भैरहेको छ।
- नेपालको संविधानमा भएको व्यवस्था अनुरुप मुलुक केन्द्रिकृत शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रुपान्तरित भएको सन्दर्भमा मुलुकको योजना प्रणालीमा पनि तदनुकूल समायोजन गर्नु पर्ने र संविधान बमोजिम कायम रहने संघ, प्रदेश र स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयन विधिमा सहयोग गर्ने, राष्ट्रिय गौरबका आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने र विकास नीति, योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन कार्य गर्ने गरी आयोगको पुन:संरचना भईसकेको छ ।
- आर्थिक बर्ष २०७६/७७- २०७८/७९ सम्मको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) सहित आ.व.२०७६/७७ को वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने प्रयोजनका लागि वार्षिक विकास कार्यक्रम तथा बजेट, मध्यमकालीन खर्च संरचना समेत तयार गर्ने सम्बन्धी मार्गदर्शन, २०७५ जारी भएको छ ।
- प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरुका लागि योजना तर्जुमा, अनुगमन र मुल्यांकन तथा प्रदेशमा तथ्याङ्कको उपलब्धता, विकास र प्रयोग सम्बन्धमा आयोजित अभिमुखीकरण कार्यक्रममा आयोगका तर्फबाट योजना प्रक्रिया, संघ, प्रदेश तथा स्थानीय तहका योजना बीचको अन्तरसम्बन्ध र अनुगमन तथा मूल्याङ्कन एवं अध्याबधिक तथ्याङ्कका सम्बन्धमा निर्वाचित पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुका लागि क्षमता विकासका कार्यक्रम सम्पन्न गरिएको छ ।
- राष्ट्रिय विकास परिषदको बैठक,२०७५ सम्पन्न भई सो सम्बन्धी पुस्तिका प्रकाशन भएको ।
- दिर्घकालीन सोंच सहितको १५औं योजनाको आधार पत्र नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनमा ल्याईएको छ।
- दिगो विकासको लक्ष्यहरुको आवश्यकता आकलन, लागत अनुमान र वित्तीय रणनीति तयार भएको
- राष्ट्रिय अनुगमन तथा मुल्यांकन दिग्दर्शन, २०७५ तयार भई लागू भईसकेको ।
- प्रदेश अनुगमन तथा मुल्यांकन दिग्दर्शन (नमुना), २०७५ तयार भई प्रदेशमा समेत प्रेषित भई सकेको ।
- प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन, २०७५ तयार भई प्रदेशमा समेत प्रेषित भई सकेको ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ तयार भई प्रदेशमा समेत प्रेषित भई सकेको ।

### २.४ दिगो विकास लक्ष्य सम्बन्धी भए गरेका उपलब्धिहरु

१. संयुक्त राष्ट्रसंघबाट जारी भएको सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यहरु अन्तर्गत १७ वटा लक्ष्यहरु (Goals), १६९ वटा परिमाणत्मक लक्ष्यहरु (Targets) र २३४ वटा विश्वव्यापी सूचकहरु (Global Indicators) भएकोमा परिमाणात्मक लक्ष्यहरुको मापनका लागि विश्वव्यापी सूचकहरुले मात्र नपुग्ने देखी नेपालको सन्दर्भ र आवश्यकतालाई समेटन सक्ने गरी २४५ नयाँ सूचकहरु थप गरिएकोमा ती सूचकहरुको २०१६ को स्थिति

र सन् २०१९, २०२२, २०२५ र २०३० का लक्ष्यहरु समावेश गरी सूचनाका स्रोतहरु, सूचनाको खण्डीकरणका तहहरु, प्रतिवेदनको समय र जिम्मेवार निकाय समेत तयार गरिएको सूचकहरुको सूची आयोगबाट२०१७ डिसेम्बरमा प्रकाशित Nepal Sustainable Development Goals : Status and Roadmap : 2016-2030 नामक प्रतिवेदनमा समावेश गरिएको छ ।

२. अंग्रेजीमा प्रकाशित उक्त रोडम्यापलाई नेपालीमा पनि अनुवाद गरी प्रकाशन गर्ने र आयोगको वेवसाइटमा समेत राख्ने कार्य सम्पन्न भैसकेको छ ।
३. नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको दीर्घकालीन सोंच सहितको पन्ध्रौं योजनाको आधारपत्र निर्माणका क्रममा नेपालले निर्धारण गरेको दिगो विकास लक्ष्यका सूचकहरुलाई यथेष्टरुपमा आधार लिई मन्त्रालय अन्तर्गतका र अन्तरसम्बन्धित विषय क्षेत्रगत निकायहरुको कार्यक्रममा समेत समेटने यथोचित प्रयास भएको छ ।
४. सन् २०१९ सम्मको दिगो विकास लक्ष्य सम्बन्धी Volunteer National Reviews प्रतिवेदन प्रकाशन गर्नेतर्फ क्रियाशील भैरहेको ।
५. प्रदेश तहमा संचालन हुने आयोजना कार्यक्रमको लागि समेत उपयोगी हुने गरी विश्व बैंकसँग भएको सहकार्यमा निर्माण गरिएको प्रदेशगत ११९ वटा सूचकहरुलाई आयोगबाट प्रमाणीकरण गर्ने कार्य सम्पन्न भै आयोगको वेवसाइटमा समेत राखी सकिएको छ ।

## २.५ आयोगको अन्तराष्ट्रिय सम्बन्ध र सम्पर्क :

### २.५.१ राष्ट्रिय योजना आयोगसँग प्रत्यक्ष सम्पर्क र सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय निकायहरु:

१. संयुक्त राष्ट्रसंघ (United Nations) र अन्तर्गतका कार्यालयहरु:
   - Focal Point for United Nations Economic and Social Commission for Asia and the Pacific(UNESCAP)
   - Focal Point for SDGs
   - Focal Point for LDC/LLDCs

२. बिमस्टेक(Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation) को Focal Point का रूपमा
३. सार्क (SAARC) को Focal Point का रूपमा
४. कोलोम्बो प्लान (Colombo Plan) को Focal Point का रूपमा

### २.५.२ आ.व. २०७५/७६ मा राष्ट्रिय योजना आयोगका पदाधिकारी/कर्मचारीहरुबाट भएका महत्वपूर्ण (उच्चस्तरीय) वैदेशिक भ्रमणहरु:

- The High Level Political Forum on Sustainable Development(HLPF), New York, USA headed by Hon. VC Prof. Dr. Puspa Raj Kadel from 2076/03/24- 2076/04/02
- SUN Focal Point Training & Eat Stockholm Food Fourm 2019, Sweden headed by Joint Secretary Dr. Kiran Rupakheti from 2076/02/26- 2076/02/30

- UNESCAP 75 th Meeting, Thailand headed by Hon. Member Mr. Min Bahadur Shahi from 2076/02/13- 2076/02/17
- Fourth Annual ECOSOC Forum on Financing for Development Follow Up (FDD), USA by Joint Secretary Dr. Kiran Rupakheti from 2076/01/02- 2076/01/05
- 46th Colombo Plan Consultative Committee Meeting (CCM), Vietnam, participated in by Program Director Mr. Narayan Raj Poudel from 2075/07/12- 2075/07/14
- Asia-Pacific Forum on Sustainable Development: Empowering People and Ensuring Inclusiveness and Equality Thailand by Joint Secretary Mr. Khomraj Koirala from 2075/12/13- 2075/12/15
- South Asia Forum on the Sustainable Development Goals, India by Joint Secretary Mr. Khomraj Koirala from 2075/06/18- 3075/06/19

२.६ **राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन,२०७५** ले साविकको राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन दिग्दर्शन,२०७० लाई परिमार्जन एवं प्रतिस्थापन गरेको छ।परिमार्जित यस दिग्दर्शनमा निम्न मुख्य मुख्य विषयहरु समावेश भएका छन्:

१. राष्ट्रिय विकास समस्या समाधान समिति, उपसमिति, मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति सम्बन्धी साविकमा रहेको बैठक र तालिका परिवर्तन गरी समितिको हकमा मंसीर, चैत्र र साउन महिनाको अन्तिम हप्तामा बस्ने व्यवस्था भएको छ ।
२. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठकको हकमा क्रमशः मंसीर, चैत्र र साउन महिनाको तेस्रो हप्ता बस्ने गरी परिवर्तन भएको छ ।
३. दीगो विकास लक्ष्य सम्बन्धी उच्चस्तरीय निर्देशक समितिको अध्यक्षता सम्माननीय प्रधानमन्त्रीज्यूबाट, दिगो विकास लक्ष्य कार्यान्वयन र आवश्यक समन्वय गर्न गठित समन्वय समितिको अध्यक्षता राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूबाट एवं दिगो विकास लक्ष्यका उपलब्धी, अनुगमन तथा मूल्यांकन गर्नका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्यको नेतृत्वमा विषयगत समितिहरु क्रियाशील रहेका छन्।
४. विकास कार्यक्रम संचालन गर्ने आयोजना तथा निकायहरुले प्रगति सहितको आवश्यकत विवरणहरु भरी तालुक निकायमा पठाउने प्रयोजनका लागि परिमार्जित एवं वैज्ञानिक फारामहरुको ढाँचा विकास गरी कार्यान्वयनमा ल्याईएको छ ।
५. विकास आयोजना कार्यक्रम निरीक्षण फारामहरुको परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ ।
६. पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको प्रगति स्थिति कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि भएका प्रयासहरुको सम्बन्धित निकाय वा आयोजनाहरुले खुलाउनु पर्ने विषयका सम्बन्धमा दिग्दर्शनमा स्पष्ट उल्ल्ख गरिएको छ।
७. दिगो विकास लक्ष्यहरुको अनुगमन तथा मुल्यांकन प्रयोजनका लागि सूचक तथा तथ्याक्कको श्रोत, खण्डीकरणको तह, मापन समय र जिम्मेवार निकाय समेत स्पष्ट खुल्ने गरी सम्पूर्ण सूचकहरु उल्लेख गरी दिग्दर्शनमा समावेश गरिएको छ ।

## २.७ अनुगमन तथा मूल्यांकन

राष्ट्रिय योजना आयोगबाट अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक तथा प्रभावकारी बनाउन विभिन्न प्रयासहरु भएका छन् । यसले विकास योजना, कार्यक्रम तथा आयोजनालाई लक्षित साधन श्रोतको उच्चतम् उपयोग गरी अपेक्षित समयमै सम्पन्न गराउने दिशामा सम्बन्धित निकायहरुलाई मार्गनिर्देशित गर्न सहयोग पुर्‍याएको छ।

(क) अनुगमन तथा मूल्याङ्कन कार्यको प्रभावकारी एवं दक्षता अभिवृद्धि गर्न मन्त्रालयस्तर तथा क्षेत्रीयस्तरमा समेत जनशक्तिको क्षमता विकासका लागि आधारभूत तथा आन्तरिक मूल्यांकन सम्बन्धी तालिम प्रदान गरिएको छ ।

(ख) तेस्रो पक्षबाट गराइने मूल्याङ्कनलाई स्तरीय तथा संस्थागत गर्ने सम्बन्धी प्रयासहरु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा दिइएका सुझावहरुको कार्यान्वयन गरी निर्णय प्रक्रियालाई सूचनामा आधारित गराउन आ.व.२०७५/७६ मा विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएका छन्।

(ग) यसै गरी राष्ट्रिय गौरबका आयोजनाको प्रगति प्रतिवेदन तयार गरिएको छ।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट राष्ट्रिय गौरब तथा पहिलो प्राथमिकता प्राप्त विकास आयोजना सञ्चालन गर्ने सबै मन्त्रालय अनतर्गतका आयोजनाहरुको एकिकृत अनुगमन प्रणालीको विकास गर्ने क्रममा यस आयोगबाट सहकार्य भईरहेको छ ।

### २.७.१ अनुगमन

आ.व.२०७५/०७६ मा राष्ट्रिय योजना आयोगका पदाधिकारीहरुवाट देहायका कार्यक्रम/आयोजनाहरु समेतको सञ्चालनको अवस्थाको अनुगमन गरी प्रतिवेदन पेश गरिएको छ ।

- लुम्बिनी विकास कोष, लुम्बिनी
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय, भैरहवा, रूपन्देही
- प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना (मकै सुपरजोन), दाङ्ग
- मेलम्ची खानेपानी आयोजना
- भेरी बबई डाईभर्सन बहुउद्धेश्यीय आयोजना
- माथिल्लो तामाकोशी आयोजना
- सिक्टा सिंचाइ आयोजना
- उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

### २.७.२. मूल्यांकन

आ.व. २०७५/७६ मा यस आयोगबाट ब्यापारिक मार्ग बिस्तार आयोजनाको आन्तरिक मूल्यांकन भएको थियो।उक्त आ.व.मा कुनै पनि आयोजनाको तेस्रो पक्ष मुल्यांकन भएको छैन ।

## २.८ राष्ट्रिय योजना आयोगको अन्य उपलब्धिहरु

यस अवधिमा हासिल भएका अन्य उपलब्धिहरु यसप्रकार रहेका छन् :

- त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागबाट चौधौं योजनाको समिक्षा भएको ।

- तथ्यांक विधेयकको मस्यौदा तयार भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको ।
- अनुगमन तथा मूल्यांकन विधेयकको मस्यौदा तयार भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको।
- ठूला नदी प्रणाली अनुसार जलाधार व्यवस्थापन गर्ने संयोजनकारी कार्य सम्पन्न भई प्रतिबेदन पेश भएको छ।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड,२०७५ स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- बहुबर्षीय आयोजनाको ठेक्का सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत भएको ।
- विकास सम्बन्धी रेडियो कार्यक्रम प्रशारण भएको ।
- संघ, प्रदेश र स्थानीय तहका आयोजना वर्गिकरण सम्बन्धी मापदण्ड नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको छ ।
- मन्त्रालयबाट संघीय संसदमा पेश गर्ने विकास कार्यक्रमका ढाँचा स्वीकृत गरी विषयक्षेत्रगत मन्त्रालयमा पठाएको ।
- सम्बन्धित निकायवाट राय/सुझावका लागि अनुरोध भै आउने नीति र कानूनी विषयमा राय सुझाव प्रदान गरेको ।

**२.९ राष्ट्रिय योजना आयोग मातहत रहेको केन्द्रीय तथ्यांक विभाग अन्तर्गत भएका उपलब्धिहरु:**

- केन्द्रीय तथाङ्क बिभाग द्वारा संचालन गरीएको नेपाल श्रम शक्ति सर्भेक्षण, २०७५ प्रतिबेदन प्रकाशन गरिएको ।
- पहिलो राष्ट्रिय आर्थिक गणना, २०७५ को प्रारम्भिक र अन्तिम प्रतिवेदन प्रकाशन गरिएको
- आयोजना बैंक कार्यविधि तयार गरी कार्यान्वयनमा आईसकेको।आयोजना बैंकको प्रारम्भिक विद्युतीय प्रणालीको विकास भैसकेको ।
- राष्ट्रिय आयोजना बैंक स्थापना भई आयोजनाजनाहरुको लेखाजोखा, परीक्षण तथा विश्लेषणको कार्य भईरहेको ।
- तथ्याङ्क विकासका लागी राष्ट्रिय रणनीति नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको ।
- राष्ट्रिय जन गणना, २०७८ को पूर्वतयारीका कार्य सम्पन्न भएको ।
- पहिलो पटक प्रदेशगत कुल ग्राहस्थ उत्पादनको लेखा तयार गरेको ।
- राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन कार्य सम्पन्न भएको ।
- राष्ट्रिय कृषि गणना, २०७८ को पूर्वतयारीका कार्य शुरु भएको।
- औद्योगिक सर्भेक्षण, २०७७ को पूर्वतयारीका सन्दर्भमा प्रश्नावलीको प्रारम्भिक डिजाइन तथा सूची ब्यबस्थापन कार्य शुरु भएको ।
- आगामी वि सं २०७८ मा राष्ट्रिय जनगणना गर्ने प्रयोजनको लागि पहिलो पटक नेपाल सरकारले राष्ट्रिय जनगणना संचालन तथा व्यवस्थापन आदेश, २०७६ स्वीकृत भएको ।

# परिच्छेद ३

# कार्यक्षेत्र सम्बद्ध समस्याहरु, चुनौती तथा समाधानका उपायहरु

### ३.१ राष्ट्रिय योजना आयोगसंग सम्बन्धित समस्या तथा चुनौतिहरु

**समस्याहरु:**

राष्ट्रिय योजना आयोगको आफ्नो काम कारवाहीको सिलसिलामा देहाय अनुसारका प्रमुख समस्याहरु अनुभूत गरिएका छन्:

१. आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आयोगलाई आफ्नो गठन आदेश बमोजिमको आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरुमा पहिचान गरेका उपायहरु प्रभावकारी ढंगमा समयमै कार्यान्वयनमा ल्याउन अफठयारो भईरहेको।

२. सुदृढ आयोजना बैंकको कार्यान्वयन हुन नसक्दा आयोजना सुशासन कमजोर भएको र कतिपय निकायहरुले राष्ट्रिय योजना आयोगबाट स्वीकृत गराई कार्यक्रममा समावेश गर्नुपर्ने नयाँ आयोजनाहरु कार्यक्रममा समाविष्ट गरे पश्चात मात्र स्वीकृति तथा समर्थनका निम्ति पठाउने गरेको।

३. आयोगका विकास कार्यक्रम र आयोजनाको मूल्यांकन विना कार्यान्वयन तथा बजेट विनियोजनका दृष्टिकोणले समेत महत्वपूर्ण आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी विनानै कार्यान्वयनमा लैजाने गरेको।

४. कतिपय निकायहरुले आयोगबाट स्वीकृत भएका विभिन्न फाराम तथा ढाँचाहरुको प्रयोग नगरेको कारणबाट आयोजनाको प्रगति अध्यावधिक गर्न कठिनाई भएको।

५. आयोगले मागेको आवश्यक सूचना तथा प्रतिवेदनहरु तोकिएको ढाँचामा समयमा पठाउने नगरेको

६. आयोगको आफ्नै भवन नहुँदा आवश्यक कार्यकक्षहरु उपलब्ध हुन नसकी कार्यसम्पादनमा असुविधा भएको ।

७. कर्मचारीको वारम्वार हुने सरुवाले कर्मचारीको क्षमतामा विशेषज्ञता विकास गर्न नसकिएको

८. विकास कार्यक्रम र आयोजना कार्यान्वयनमा सुदृढ एवं प्रभावकारी अनुगमन एवं मूल्यांकनको अभाव देखिएको छ।

९. राज्यका नीति निर्माणमा नीति विश्लेषणको स्थिति कमजोर रहेको देखिएको छ।

१०. मध्यमकालीन समष्टिगत आर्थिक खाका तर्जुमा नगरी श्रोतको आँकलन गर्दा र मध्यमकालीन खर्च संरचना र नतिजा खाका नबनाई वार्षिक विकास कार्यक्रम तर्जुमा गर्न नसक्दा योजना र बजेट कार्यान्वयन वीचमा ठूलो अन्तर देखा पर्ने गरेको छ।

**चुनौतीहरु:**

१. संघीय प्रणाली अनुकूल राष्ट्रिय योजना आयोगको पुनर्संरचना गरी तहगत योजना संगठनहरुका वीचमा समन्वय र सामाञ्जस्यता कायम गर्दै विकासका प्रयासहरुलाइ समन्वय गर्नु।

२. मध्यम आय भएको मुलुकको स्तरमा पुग्न आबश्यक पर्ने दीर्घकालिन सोच, नीति, योजना र कार्यक्रमहरुलाई वस्तुपरक बनाइ कार्यान्वयन गर्नु।

३. आयोजना तथा कार्यक्रमहरुको नियमित र तालिकाबद्ध अनुगमन तथा निरीक्षणको प्रबन्धद्वारा वस्तुनिष्ठ सूचकहरुको निर्माण गरी हरेक निकायद्वारा गरिने अनुगमन बीच एकरुपता कायम गर्नु।

४. भूकम्परोत्तर पुनर्निर्माण तथा नवनिर्माण र आर्थिक बृद्धिदर बढाउने कार्यलाई विभिन्न निकायसँग नीतिगत समन्वय गरी प्राथमिकताको आधारमा अगाडि बढाउनु।

५. सन् २०१६ देखि अंगिकार गरिएको दिगो विकासका लक्ष्यहरुलाई राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरुमा समाहित गरी लक्ष्य प्राप्तिका लागि वस्तुनिष्ठ सूचकहरुको निर्माण गरी कार्यान्वयनमा लैजानु।

६. संघीय प्रणाली अनुकूल तहगत योजना संगठन तथा योजनाहरुका वीचमा समन्वय र सामञ्जस्यता कायम राख्दै बृहत्तर राष्ट्रिय हितमा एकिकृत गर्नु।

७. संघ, प्रदेश र स्थानीय तहहरुलाई योजना तथा कार्यक्रम तर्जुमा तथा तिनको अनुगमन तथा मूल्यांकन एवं अनुशिक्षण सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु एवं दक्षता उपलब्ध गराउनु।

## ३.२ राष्ट्रिय योजना आयोग अन्तर्गत रहेको केन्द्रीय तथ्यांक विभागका समस्या तथा चुनौतिहरु

**समस्याहरुः**

१. मुलुकको शासन व्यवस्था र शासकीय स्वरूपमा भएको परिवर्तनको सन्दर्भमा प्रचलित कतिपय ऐन तथा नियमावली संशोधन हुन नसकेका कारणले परस्पर बाझिएकै रुपमा एकैसाथ लागू भइरहेका छन्।

२. सरकारी निकायमा सीमित संख्यामा मात्र तथ्याङ्कीय जनशक्ति कार्यरत रहनुका साथै तिनमा उत्प्रेणाको स्तर समेत साहै न्यून रहेको छ।

३. गठन भएको लामो समयावधिसम्म पनि निजामती सेवाभित्रको तथ्याङ्क सेवाको पूर्ण कार्यान्वयन हुन नसकेको अवस्था छ।

४. कार्यमुखी दक्ष जनशक्ति विकासका लागि आवश्यक तथ्याङ्क प्रशिक्षण केन्द्र नै स्थापना हुन सकेको छैन।

५. सरकारी निकायबीच सूचनाको आदानप्रदान नीति लागू हुन नसकेकाले सरकारी निकायमा कार्य सम्पादनका सिलसिलामा स्वतः उत्पादन हुने प्रशासनिक अभिलेखहरुको पूर्ण उपयोग हुनसकेको छैन।

६. वलियो कानूनी अधारको अभावमा कतिपय तथ्याङ्कीय कार्यक्रमको कार्यान्वयन अपूर्ण हुनुका साथै निर्दिष्ट काम सम्पादन गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागको सांगठनिक संरचना समयसापेक्ष परिमार्जित हुन सकेको छैन। सर्वेक्षण अनुमति प्रणाली पूर्णरूपमा लागू हुन सकेको छैन।

७. अति आवश्यक मानिएको समग्र संप्रेषण योजना÷रणनीति तथा अग्रिम सार्वजनिकीकरणपात्रो (एड्भान्स रिलिज क्यालेन्डर) सञ्चालनमा ल्याउन सकिएको छैन।

**चुनौतीहरुः**

१. संघीय संरचना बमोजिम तथ्यांक प्रणालीलाई सबै तहमा स्थापित गर्दै आवश्यक संगठनात्मक संरचना निर्माण र तथ्यांकको उत्पादन तथा उपलब्धतामा कठिनाइ सिर्जना हुनु,

२. राष्ट्रिय तथ्याङ्क उत्पादनको व्यावहारिक पक्षमाथि पर्याप्त तथ्याङ्कीय सचेतना नभएकोले संघ, प्रदेश र स्थानीय तहसम्म नै तथ्याङ्कको माग, आपूर्ति र प्रयोगलाई सम्बोधन गर्नु,

३. तथ्यांक क्षेत्रको विकासका लागि प्राप्त हुने सहायतालाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्नु,

४. सरकारी, निजी, सहकारी, प्राज्ञिक तथा अन्य गैरसरकारी क्षेत्रमा बढ्दो संख्याका गणना र सर्वेक्षणका कारण उत्तरदाता माथिको बोझ बढ्नु,

५. तथ्याङ्क सेवाप्रति दक्ष जनशक्तिकोआकर्षण बढाउने, वृत्ति विकासका अवसर विस्तार गर्ने र कार्यरत जनशक्तिलाई सेवाभित्र टिकाई राख्नु।

# परिच्छेद ४
# कार्यक्षेत्रगत सम्बद्ध Thematic Area को अध्ययन अनुसन्धानको विवरण

४.१ आ.व.२०७५/७६मा आयोगबाट भएका अध्ययन अनुसन्धानको विवरण

१. नेपालमा वित्तीय संघीय शासन व्यवस्था।

२. नागरिक समाज सम्बन्धी फ्रेमवर्क अध्ययन कार्य।

३. विकास प्रभावकारीतामा गैर सरकारी संस्थाको भूमिका।

४. शैक्षिक परामर्श केन्द्र मार्फत वैदेशिक अध्ययनमा जाने विद्यार्थिको संख्या/लागत।

# परिच्छेद ५

# भावी कार्यदिशा

### ५.१ राष्ट्रिय योजना आयोगको भावी कार्यदिशा:

संघीय प्रणालीमा मुलुक प्रवेश गरेको विशिष्ट अवस्था र विगतका कार्यहरुको अनुभवलाई मध्यनजर गर्दै यस आयोगले आगामी वर्षहरुमा देहाय बमोजिमको कार्यदिशा अंगिकार गर्नु उपयुक्त देखिन्छ यी कार्यहरुमध्ये कतिपय कार्यहरुको थालनी समेत भइसकेको हुँदा समयमै सम्पन्न हुनेमा आशाबादी हुने अवस्था रहेको छ।

१. आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आयोगले आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरुमा पहिचान गरेका उपायहरु प्रभावकारी ढंगमा समयमै कार्यान्वयनमा ल्याउन अफ्ठयारो परिरहेकोले तत् सम्बन्धमा यथाशिघ्र अनुगमन तथा मूल्यांकन ऐन जारी हुनु पर्ने।

२. संविधानको व्यवस्था अनुरुप मुलुकको योजना प्रणाली तथा संगठन संरचना हुनेगरी आयोगको पुन:संरचना गर्ने।यसै सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका योजना प्रकृया, संगठन र तहगत योजनाहरुवीचको अन्तरसम्बन्धको स्वरुप निर्धारण तथा क्षमता विकास गर्ने।

३. सहकार्यात्मक संघीयता कार्यान्वयनका लागि केन्द्रीय सरकारका मन्त्रालयहरुका वीच, केन्द्र र प्रदेश सरकारका वीच, प्रदेश प्रदेशबीच, प्रदेश र स्थानीय तहका बीच एवं स्थानीय स्थानीयतह बीच आवश्यक नीतिगत समन्वय कायम गर्न योगदान गर्ने।

४. संघ, प्रदेश र स्थानीय तहको विकास नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन, तहगत समन्वय तथा प्रतिबेदनको लागि राष्ट्रिय ढाँचा तयार गर्ने।

५. सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्क्रमहरु विभिन्न निकायहरुबाट कार्यान्वयन हुदाँ दोहोरोपना देखिएकोले साधन स्रोतको उपर्युक्त एवं औचित्यपुर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन एकिकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने।

६. नेपाललाई अल्प विकसित राष्ट्रहरुको समूहबाट स्तरोन्नति र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुर्‍याउने लक्ष्यका साथ तीव्र आर्थिक बृद्धि कायम गर्दै नेपालको समग्र विकास प्रयासलाई समन्वयात्मक रुपमा अघि बढाउन "नेपाल २०३०" सम्बन्धी दीर्घकालिन विकासको सोचपत्र अनुरुप कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने।

७. दिगो विकासको लक्ष्यहरु (SDGs) लाई पूर्ण कार्यान्वयनमा ल्याउन राष्ट्रिय आधारभूत प्रतिवेदन, विश्वव्यापी एवं राष्ट्रिय सूचकहरु सहितको अनुगमन तथा मूल्यांकन खाका र सो को कार्यान्वयनका लागि लागत अनुमान सम्बन्धी दस्तावेजहरु तर्जुमा गरी कार्यान्वयनमा लैजाने।

८. आवधिक योजना र वार्षिक विकास कार्यक्रमबीच अन्तरसम्वन्ध स्थापित गर्नका निमित्त प्रभावकारी देखिएको मध्यकालीन खर्च संरचनालाई विगतको अनुभव समेतका आधारमा थप व्यवस्थित र सुदृढ गर्दै संस्थागत गर्ने।

९. राष्ट्रिय महत्वका समसामयिक विषयहरु रोजगारी श्रृजना, व्यापार घाटा, विप्रेषण आय, सामाजिक सुरक्षा, जलवायु परिवर्तन लगायत विषयमा अध्ययन अनुसन्धान गरी आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तर्जुमाका लागि सरकारलाई सल्लाह दिने।

१०. संघ, प्रदेश र स्थानीय सरकारले संचालन गरेका आयोजनाहरुको आवधिक मूल्यांकन गर्ने, पृष्ठपोषण उपलब्ध गराउने साथै आवश्यकता अनुसार राष्ट्रिय विकासका विभिन्न पक्षमा तेश्रो पक्ष मूल्यांकन गराउन विज्ञ संस्थाको

रुपमा कार्य गर्ने ।

११. योजना तथा विकाससँग सम्बन्धित मुद्दाहरु जस्तै विकासका लागि लगानी, अल्पविकसित राष्ट्रहरुको स्तरोन्नति, दीगो विकास लक्ष्यहरुको कार्यान्वयन, तथ्यमा आधारित नीति निर्माण आदि विषयहरुमा अन्तर्राष्ट्रियस्तरमा नेपालको प्रतिनिधित्व गर्दै नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१२. नीति, अनुसन्धान तथा विकासका क्षेत्रमा विज्ञ संस्थाको रुपमा अन्तरसम्बन्धित विषयहरु-गरिवी निवारण, सामाजिक विकास, पर्यावरणीय संरक्षण, दिगो विकासको क्षेत्रमा काम गर्ने संस्थाहरुको राष्ट्रिय समन्वयकर्ता संस्थाको रुपमा काम गर्ने ।

१३. राष्ट्रिय अभियानहरु जस्तै: गरिवी निवारण, सामाजिक विकास, पर्यावरण संरक्षण, एवं राष्ट्रिय संरचनाहरु- लगानी बोर्ड, युवा स्वरोजगार कोष, गरिवी निवारण कोषका कार्यक्रमहरु राष्ट्रिय विकासको ढाँचा अनुरुप निर्देशित गर्ने ।

१४. राष्ट्रिय आयोजना बैंकलाई संस्थागत गर्दै क्रियाशील बनाउने ।

१५. राष्ट्रिय विकास समस्या समाधान समितिलाई विकास आयोजना, स्थानीय तह र प्रदेशको समस्या समाधान गर्ने गरी यसको संरचनालाई सुदृढ गर्ने ।

## ५.२ केन्द्रीय तथ्याङ्क विभागको भावी कार्यदिशा:

बर्तमान तथ्यांक प्रणालीलाई राष्ट्रिय तथ्यांक प्रणालीमा आबद्ध गर्न केन्द्रीय तथ्याङ्क विभागको निम्नानुसार आगामी कदमहरु चाल्नु पर्ने देखिन्छ:

१. संघीय संरचना अनुरुप नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास एवं व्यवस्थापन गर्न ६० बर्ष भन्दा अघि जारी भएको प्रचलित तथ्यांक ऐन, २०१५ लाई प्रतिस्थापन गर्न अत्यावश्यक भैसकेकोले प्रस्तावित तथ्याङ्क सम्बन्धी ऐन, २०७५ को मस्यौदा बिधेयकलाई यथाशिघ्र संघीय संसदको स्वीकृतिका लागि पेश गर्नु पर्ने ।

२. संघीय पद्धति बमोजिम क्षेत्रगत नीति, आवधिक योजना, कार्यक्रम/आयोजनाहरुको तर्जुमाका साथै अनुगमन तथा मूल्याङ्कनको कार्यलाई तथ्यमा आधारित बनाउन आवश्यक पूर्वाधार विकास, क्षमता अभिवृद्धि तथा केन्द्रीय तथ्याङ्क विभागलाई सुदृढीकरण गर्ने ।

३. तथ्यांकीय कार्यमा संलग्न मानव संसाधनको विकास र तथ्याङ्कीय गतिविधिमा आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने ।

४. तथ्याङ्क संकलन कार्यमा ट्यावलेट, Intelligent Character Recognition(ICR), Optical Mark Recognition (OMR) लगायतका विद्युतीय उपकरण र अनलाइन उत्तर (Online Reponse) को प्रयोगलाई प्राथमिकता दिनु पर्ने ।

५. व्यक्तिगत घटना दर्ता प्रणालीको व्यवस्थापनमा अनलाइन पद्धति अवलम्वन गर्नु पर्ने ।

६. तथ्याङ्क संकलन र विश्लेषणमा भू–सूचना प्रणालीको उपयोग गर्नु पर्ने ।

७. राष्ट्रिय तथ्याङ्क प्रशिक्षण तथा अनुसन्धान केन्द्रको स्थापना गर्नु पर्ने ।

८. कार्य विशिष्टकरण अभिवृद्धि र वृत्ति विकास समेतलाई दृष्टिगत गरी नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवालाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउन आर्थिक योजना समूहलाई क्रियाशिल बनाउनु पर्ने ।


९. दिगो विकासका लक्ष्यहरुको अनुगमन सूचकहरु उत्पादन÷तयार गर्ने ।

१०. सर्वेक्षण अनुमति प्रणाली तथा निर्धारित तथ्याङ्क प्रणाली समेत लागू गर्ने ।

**अनुसूची -१**

मिति २०७४/११/२८ को राजपत्रमा प्रकाशित राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सचालन) आदेश, २०७४ अनुसार राष्ट्रिय योजना आयोगको देहाय अनुरुपको संगठन संरचना स्वीकृत गरिएको छ ।

## राष्ट्रिय योजना आयोगको संगठन तालिका



# राष्ट्रिय योजना आयोगको संगठन स्वरुप

अनुसूची -२

रा.प.तृतीय श्रेणी

**अध्यक्ष प्रधानमन्त्री**

**उपाध्यक्ष**

**सदस्य** | **सदस्य** | **सदस्य** | **सचिव (, रा.प.विशिष्ट श्रेणी )** | **सदस्य** | **सदस्य** | **सदस्य**

## आर्थिकव्यवस्थापन महाशाखा
सहसचिव, रा.प.प्रथम श्रेणी (प्रशासन)

**अर्थ, कार्यक्रम तथा अन्तरसरकार समन्वय शाखा**
- निर्देशक,रा.प.द्वितीय(प्र./साप्र.)-१,
- योजना अधिकत. रा.प.ततीय (प्र./साप्र.)-२

**आर्थिक विश्लेषण तथा योजनाशाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-१
- तथ्याङ्क अधिकृत, रा तृतिय.प.(तथ्याङ्क)-१

**अन्तर्राष्ट्रिय सहयोग समन्वय शाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

## पूर्वाधार तथा उत्पादन महाशाखा
सहसचिव, रा.प.प्रथम श्रेणी (प्रशासन)

**भौतिकपूर्वाधार तथा सहरी विकास शाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**कृषि, जलश्रोत तथा वातावरण शाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**सार्वजिनिक निजी साझेदारी शाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

## अनुसन्धान तथामूल्याङ्कनमहाशाखा
सहसचिव, रा.प.प्रथम श्रेणी (प्रशासन)

**नतिजा व्यवस्थापन तथा मूल्यांकन शाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**दीगो विकास लक्ष्य अनुगमनशाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**अनुगमन तथा सूचना व्यवस्थापन**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२
- तथ्याङ्क अधिकृत, रा.प.तृतीय (तथ्याङ्क)-१

## सुशासन तथा सामाजिक विकास महाशाखा
सहसचिव रा.प.प्रथम श्रेणी (प्रशासन)

**स्वास्थ्य, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकशाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत,रा.प.तृतीय(प्र./साप्र.)-२

**सुशासन, शिक्षा, युवा तथा खेलकुद शाखा**
- निर्देशक, रा.प.द्वितीय प्र./साप्र.)-१,
- योजना अधिकृत रा.प.तृतीय (प्र./साप्र.)-२

**प्रशासन तथा विपद् व्यवस्थापन शाखा**
- निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
- योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)- छ
- कानून अधिकृत, रा.प.तृतीय (कानून) -१,
- कम्प्युटरअधिकृत, रा.प.तृतीय (विविध) -२,
- पुस्तकालयअधिकृत, रा.प.तृतीय (शिक्षा, पु.)-१,
- नायव सुव्वा, रा.प.अन. प्रथम (प्र./साप्र.)१-६,
- पुस्तकालय सहायक,रा.प.अन. प्रथम, (शिक्षा, पु.)-१,
- कम्प्युटरअपरेटर, रा.प.अन. प्रथम (विविध)-६,
- कार्यालय सहायक(श्रेणिविहिन)२ -१,

**आर्थिक प्रशासन शाखा**
- निर्देशक,रा द्वितिय.प.(प्रशासन/लेखा)-१,
- लेखा अधिकृत, रा.प.तृतीय (प्रशासन/लेखा)ज्ञ-
- लेखापाल, रा.प.अन. प्रथम (प्रशासन/लेखा)-१,

अनुसूची -३

## दरवन्दी तालिका

रायोआको स्वीकृत कर्मचारी दरवन्दी संख्या १०५ जना
स्थायी कर्मचारी दरवन्दी संख्या १०५ जना
करार सेवाका कर्मचारी संख्या ४० जना

| सि.नं | पद नाम | श्रेणी | सेवा | समुह/उपसमुह | मौजुदा दरवन्दी | थप | घट | खुद दरवन्दी | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ठ | प्रशासन | | १ | ० | ० | १ | |
| २. | सहसचिव | रा.प.प्रथम | प्रशासन | | ६ | ० | २ | ४ | |
| ३. | कार्यक्रम निर्देशक | रा.प.द्वितीय | प्रशासन | | २० | ० | ८ | १२ | |
| ४. | उप सचिव कानुन | रा.प.द्वितीय | न्याय | | १ | ० | १ | ० | |
| ५. | उप सचिव लेखा | रा.प.द्वितीय | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ६. | सर्भे अधिकृत | रा.प.द्वितीय | इन्जिनियरिङ् | सर्भे | १ | ० | १ | ० | |
| ७. | योजना अधिकृत | रा.प.तृतीय | प्रशासन | साप्रशासन . | ४१ | ० | १५ | २६ | |
| ८. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | २ | ० | १ | १ | |
| ९. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | ने.त .यो .आ . | तथ्याङ्क | १ | १ | ० | २ | |
| १०. | कार्टोग्राफर | रा.प.तृतीय | विविध | | १ | ० | १ | ० | |
| ११. | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | ४ | ० | २ | २ | |
| १२. | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पुस्तकालय विज्ञान | १ | ० | ० | १ | |
| १३. | आर्टिष्ट अधिकृत | रा.प.तृतीय | विविध | | १ | ० | १ | ० | |
| १४. | नायब सुब्बा | रा.प.अ. प्रथम | प्रशासन | साप्रशासन . | १४ | २ | ० | १६ | |
| १५. | नायब सुब्बा | रा.प.अ. प्रथम | न्याय | कानून | १ | ० | १ | ० | |
| १६. | पुस्तकालय सहायक ना.सु. | रा.प.अ. प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ | ० | ० | १ | |
| १७. | लेखापाल | रा.प.अ. प्रथम | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| १८. | टाइपिष्ट ना.सु. | बेग अनुसार | प्रशासन | साप्रशासन . | ६ | ० | ६ | ० | |
| १९. | कम्प्युटर अपरेटर | रा.प.अ. प्रथम | विविध | | ८ | ० | २ | ६ | |
| २०. | खरिदार | रा.प.अ.द्वितीय | प्रशासन | साप्रशासन . | ७ | ० | ७ | ० | |
| २१. | सह लेखापल | रा.प.अ.द्वितीय | प्रशासन | लेखा | १ | ० | १ | ० | |
| २२. | टाइपिष्ट | रा.प.अ.द्वितीय | प्रशासन | साप्रशासन . | १ | 0 | १ | 0 | |
| २३. | ह.चा.स. | श्रेणी विहीन | इन्जिनियरिङ् | जनरल मेकानिक्स | १४ | ० | ० | १४ | |
| २४. | कार्यलय सहयोगी | श्रेणी विहीन | प्रशासन | | २६ | ० | १० | १६ | |
| स्थायी दरबन्दी जम्मा | | | | | १६१ | ४ | ६० | १०५ | |